# किसान कल सेन्टर संचालन निर्देशिका, २०७८

प्रस्तावना

रत्ननगर नगरपालिका कृषकहरूको कृषि उत्पादन, उत्पादकत्व र पशुपन्छी तथा कृषि प्रसार सेवालाइ प्रभावकारी कार्यान्वयनका लागि यो टोल फ्री किसान कल सेन्टर सार्थक साबित हुन सक्ने भएकोले संचालनमा ल्याइएको छ । यस सेन्टरले कृषक समुदाय, कृषि उद्धमी, ब्यवसायी, कृषि सहकारी, कृषक समुह र सेवा प्रदायक सबै संघ/संस्थाहरुलाई सहज हुनेछ । यस नगरपालिका अन्तरगत कृषक समुदाय, कृषि उद्धमी, ब्यवसायी, कृषि सहकारी, कृषक समुहहरूको सङ्ख्याको अनुपातमा कृषि प्राविधिकको सङ्ख्या धेरै कम भएको हुनाले कृषकहरूले आवश्यक परेको बेला परामर्श सेवा र प्राविधिक सहयोग पाउन नसकेको चौतर्फी गुनासो आउने गरेकोले सो समस्याको न्यूनिकरण गर्न एकै ठाउँबाट कृषकहरूलाई टेलिफोनको माध्यमबाट विज्ञहरूसँग जोड्ने र प्राविधिक ज्ञानको सम्प्रेषण गर्ने उद्देश्यले किसान कल सेन्टरको स्थापना गर्नु बान्छनीय भएकाले सन्चालन निर्देशिका तयार गरिएको छ।

यस प्रकारको किसान कल सेन्टर स्थापनाले सबै कृषक दाजुभाई दिदीबहिनी, सेवा प्रदायक संस्थाहरुलाई कृषि संग सम्वन्धित विभिन्न कार्यक्रम संचालनमा सहयोग पुर्याउने आशा गरिएको छ । कृषि प्रसार सेवालाई प्रभावकारी बनाउन यो किसान कल सेन्टरको अहम भूमिका हुनेछ । कृषक समुदायले यस सेन्टरको प्रयोगबाट विषय बिशेषज्ञको परामर्श सेवा, उत्पादन सामग्रीको माग, सूचना र अन्य प्राविधिक सहयोग प्राप्त गर्ने छन् । यस अलवा यो सेन्टरले कृषि तथा पशुपालनको उत्पादन र उत्पादकत्व बृद्धि गर्न एवं बजारीकरणमा सहजता पुर्याउने अपेक्षा गरिएको छ । नगर सरकारले पारित गरेको नीति कार्यक्रम र सो सेवा प्राप्त गर्न अवलम्बन गर्नु पर्ने प्रणाली पनि थाहा पाउने छन ।

## परिच्छेद १ :

## नाम, प्रारम्भ र परिभाषा

(१) यो निर्देशिकाको नामः किसान कल सेन्टर संचालन निर्देशिका,२०७८ रहनेछ ।

(२) रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको वैठकले पास गरेपछी यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

(३) परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस प्रक्रियामा:-

(क) "कार्यालय" भन्नाले रत्ननगर नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ख) "किसान कल सेन्टर" भन्नाले कृषकहरुलाई कृषि प्राविधिक वा सम्वन्धित व्यक्ति तथा निकायहरुले कृषिसंग सम्बन्धित समस्याहरु बारे टेलिफोन मार्फत समाधान तथा सुझावहरु दिनको लागि रत्ननगर नगरपालिकामा स्थापना गरिने कल सेन्टरलाई सम्झनु पर्दछ।

(ग) "विषय विज्ञ" भन्नाले कृषकहरुले सोधेको समस्या समाधानका लागि जिम्मेवारी प्रदान गरीएको कृषि अन्तर्गत विभिन्न विषयमा विज्ञता हांसिल गरी सो क्षेत्रमा कार्यरत वा अवकाश प्राप्त कृषि प्राविधिक भन्ने सम्झनु पर्दछ।

शिशिर पौडेल
प्रमुख प्रशासकिय अधिकृत

## परिच्छेद २ :

## उद्धेश्यहरु

(१) रत्ननगर नगरपालिकाले कृषि क्षेत्रलाई अझ प्रभावकारी, व्यवस्थित सुशासन युक्त, कृषक एवं प्रविधि मैत्री, गरिव मैत्री बनाउदै उत्पादन र उत्पादकत्व वढाउने उद्धेश्यले यो निर्देशिका जारी गरिएकोछ ।

- यस सेन्टरको स्थापना पश्चात कृषक समुदाय, व्यवशायी उद्धमी, कृषक समूह, कृषि सहकारी र अन्य सरोकारवालाहरुले बिषय बिशेषज्ञको विषयगत सल्लाह, सुझाव, जिज्ञासा, नवीनतम् प्रविधिवारे जानकारी, उत्पादनमा देखा परेका समस्याहरु तथा उत्पादनोपरान्त हुने क्षतिको समाधानको लागि सूचना तथा सल्लाहहरु एकै ठाँउवाट उपलब्ध गराउने,
- प्राबिधिक सल्लाह र परामर्श सेवा, प्रविधिको जानकारी, सूचना र अन्य थुप्रै सेवा सहज र खर्च रहित हिसाबले प्राप्त गर्न सक्नेछन् साथै कृषकहरुबाट नगरपालिकाले प्रभावकारी पृष्ठपोषण लिने संयन्त्रको समेत विकास हुन्छ,
- कृषक र प्राविधिकको दुरीलाई निकटता प्रदान गरि कृषकको समस्या सहज रुपले समाधान गर्न यस सेन्टरले अहम भूमिका निर्बाह गर्नेछ,
- कृषक बर्गले नगरपालिका, प्रदेश तथा संघिय सरकार र मातहतका कार्यालयबाट प्रबाह हुने सेवा सुबिधा सहज तरिकाले प्राप्त गर्न सक्नेछन ।

## परिच्छेद ३ :

## रणनीतिहरु

(१) यस सेन्टरलाई प्रभावकारी एवं दिगो बनाउन संघिय सरकार, प्रदेश सरकार, विकास साझेदारसंगको समन्वय र सहकार्यमा संचालन गरिनेछ,

(२) यस किसान कल सेन्टरको सेवालाई चुस्त दुरुस्त बनाउन अन्य सेवा प्रदायक र अन्य विभिन्न प्रणालीसंग जोडिने छ, जस्तैः मोबाइल एप

(३) मोबाइल एप को साथै संचार प्रविधि, अन्य सूचनाप्रबिधिको समेत प्रयोग गरि सेवालाई सहज बनाइनेछ,

(४) आवश्यकतानुसार प्रदेश, संघिय सरकार, कृषि अनुसन्धान र अन्तरपालिका सहयोग आदान प्रदान गर्ने संयन्त्र पनि काम गर्न सकिनेछ,

(५) यस किसान कल सेन्टरले नगर सरकारको सुशासन, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्नेछ,

(६) आवश्यक्तानुसर निजिक्षेत्रलाई समेत परिचालन गरि यो सेन्टरको सेवालाई संचालन गर्न सकिनेछ,

(७) यस किसान कल सेन्टरको प्रभावकारी अनुगमन मुल्याङकन गर्ने संयन्त्र बनाइनेछ,

(८) यस सेन्टरले विभिन्न यन्त्र उपकरण परिचालन र चक्लाबन्दी खेति एवं वैदेशिक रोजगारबाट फर्की कृषि उद्धमी बनेका कृषक समुदायलाई बिशेष सेवा प्रदान गर्नेछ ।

## परिच्छेद ४ :

## किसान कल सेन्टर संचालनका लागि आवश्यक पूर्वाधार

किसान कल सेन्टरमा देहाय बमोजिमका भौतिक पूर्वाधारहरु रहनेछन्ः

(१) विषय बिशेषज्ञ तथा कर्मचारी बस्ने एक कोठा,
(२) आवश्यक संख्यामा फर्निचरहरु (कुर्सी, टेवल, दराज, फाईलिङ क्याबिनेट, आदि),
(३) डेस्क टप कम्प्यूटर सेट, स्क्यानर तथा फोटोकपी सहितको प्रिन्टर,
(४) टोल फ्रि सुबिधा सहितको ल्यान लाइन टेलिफोन,
(५) आवश्यक क्षमता र सुविधा सहितको ईन्टरनेट सेवा,
(६) भ्वाईस रेकर्डर, पेन ड्राइभ तथा हार्ड डिस्क,
(७) एल इ डि टिभी,
(८) इन्भर्टर सहित ब्याट्री,

## परिच्छेद ५ :

## किसान कल सेन्टरको संचालन तथा व्यवस्थापन

किसान कल सेन्टर संचालनका लागि देहाय बमोजिमको कर्मचारी व्यवस्था मिलाईनेछ :

(१) किसान कल सेन्टर संचालनका लागि चालु आर्थिक वर्षको लागी विषय विशेषज्ञको सेवा हप्तामा ३ दिन र अन्य दिन एक प्राबिधिक नियमित व्यबस्था गरिनेछ । आवश्यकतानुसार विषय विशेषज्ञको सेवा प्रदान गर्ने दिन र दैनिक अवधि बढाउदै लैजान सकिनेछ ।

(२) विषय विशेषज्ञ व्यवस्थापन गर्दा कम्तीमा कृषि सम्बन्धि विषयमा स्नातक तह उत्तीर्ण गरी कृषि सम्बन्धी विधामा विज्ञता हांसिल गरेका वा सो क्षेत्रमा कार्यरत रहि अवकाश प्राप्त कृषि प्राविधिकको पनि सेवा लिन सकिनेछ ।

(३) अवकाश प्राप्त कर्मचारी व्यवस्थापनका लागि कृषि तथा पशुपंक्षी शाखाले विज्ञहरुको सुची तयार गर्नेछ र आवश्यकता अनुसार सम्वन्धित विषय विज्ञको सेवा लिन सक्नेछ ।

(४) किसान कल सेन्टरमा आउने फोन उठाउन, प्रश्न टिपोट गर्न, तथ्यांक संकलन गर्न तथा किसान कल सेन्टर संचालनमा आवश्यक सहयोग पुर्याउन कृषि विषयमा कम्तिमा I.Sc. Agriculture पास गरेको अनुभवी कम्प्युटरमा तालिम प्राप्त एक (१) जना प्राबिधिक कर्मचारी नगरपालिकाले सेवा करारमा राख्न सक्नेछ ।

(५) किसान कल सेन्टरको व्यवस्थापन तथा अन्य जिम्मेवारी नगरपालिकाको हुनेछ ।

## परिच्छेद ६ :

## किसान कल सेन्टरमा कार्यरत कर्मचारीलाई प्रदान गरिने सुविधा

किसान कल सेन्टरमा खटिने विषय विज्ञ तथा कर्मचारीको सेवा सुविधा देहाय बमोजिमको रहनेछ :

(१) किसान कल सेन्टरमा खटिने विषय विज्ञलाई प्रति दिन रु. १५००/- का दरले भत्ता व्यवस्था गरिनेछ ।

(२) किसान कल सेन्टर सन्चालनको लागि करारमा राखिने कर्मचारीलाई बढिमा सहायक पाँचौ सरह पारिश्रमिक तय गरिनेछ । कल सेन्टर सन्चालन नहुदा उक्त कर्मचारीले नगरपालिकाको निर्देशनमा कृषि तथा पशुपन्छी सेवा सम्बन्धी कार्य गर्नुपर्नेछ ।

## परिच्छेद ७ :

<u>किसान कल सेन्टरमा काम गर्ने कर्मचारीको काम कर्तव्य र जिम्मेवारी</u>

किसान कल सेन्टरमा काम गर्ने कर्मचारीको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :

(१) किसानहरुले राखेका जिज्ञासाहरुलाई टेलिफोन, ईमेल, फेसबुक, ट्वीटर आदि उपयुक्त माध्यमबाट संप्रेषित गर्ने,

(२) कृषि सम्बन्धी नवीनतम प्रविधिहरु तथा अनुसन्धानका कृयाकलापहरुको सुची तयार गर्ने,

(३) कृषि सम्बन्धी नगरपालिका स्थानीय सरकार, प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र संघिय सरकारका चालु नीति, क्रार्यक्रम तथा योजनाहरुको विवरण राख्ने,

(४) कृषि सम्बन्धी सूचनाहरुको विवरण राखी सरोकारबालाहरुलाई जानकारी गराउने,

(५) किसानका जिज्ञासा तत्काल समाधान गर्न नसकिएमा सम्बन्धित निकाय वा विषय विज्ञसंग सम्पर्क स्थापित गराउने,

(६) तोकिएको समयमा कल सेन्टर संचालन गर्ने।

परिच्छेद ८ :

<u>किसान कल सेन्टरबाट उपलब्ध गराईने जानकारी तथा सेवाहरु</u>

किसान कल सेन्टरले देहायका जानकारी तथा सेवाहरु किसानलाई उपलब्ध गराउनेछ ।

(१) उन्नत बिउबिजन, मल, किट तथा रोगनाशक बिंषादी, पशु औषधी, दाना आदी,

(२) कृषि तथा पशुसेवा सम्बन्धी बिभिन्न जानकारीमूलक सन्देश र ज्ञान,

(३) उन्नत खेति खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल खेती तथा पशुपालन प्रविधि,

(४) माटो व्यबस्थापन, जैविक मल तथा बिषादी (प्रांगारिक खेति प्रविधि),

(५) पशु तथा बाली बीमा सेवा,

(६) पालिकाले कृषक समुदाय र उधमीको लागि प्राबधान गरेका सेवा सुविधा तथा कृषकले पालना गर्नु पर्ने बिधि र प्रकृया बारेमा जानकारी,

(७) बाली संरक्षण, मौरीपालन र च्याउखेती सम्बन्धी जानकारी,

(८) वित्तिय संस्थाहरुसंग समन्वय गर्ने सेवा,

(९) उत्पादनको बजारीकरण गर्ने सेवा,

(१०) बाली उत्पादनापरान्त, भण्डारण तथा चिस्यान केन्द्र सम्बन्धित सेवा,

(११) संकलन केन्द्र वा हाटबजार सम्बन्धित जानकारी (बजारीकरण),

(१२) नमुना कृषि तथा पशुपालन फर्म स्थापना गर्ने बारे,

(१३) उत्पादनमा आधारित उधोग स्थापना र परीचालन सम्बन्धमा जानकारी,

(१४) कृतिम गर्भाधारण सेवा,

(१५) उत्पादनको ब्राण्डडिंग, न्युनतम समर्थन मूल्य सम्बन्धमा,

(१६) बिभिन्न प्रकाशन (ऐन, नीति, कार्यक्रम र प्राविधिक प्रकाशन),

(१७) किसान तथा प्रविधिमैत्रि मेशिन सञ्चालन केन्द्र Custom hiring Centre को सेवा,

(१८) किसान परिचय पत्र र सुचिकृत हुने व्यवस्था बारेमा,

(१९) कृषि तथा पशुपंक्षी विकास समिति, आर्थिक विकास समिति र कार्यपालिका निर्णय बारे जानकारी,

(२०) कृषि तथा पशुपंक्षी विकास सम्बन्धी अध्ययन तथा अनुसन्धानको जानकारी,
(२१) मौसम पूर्वानुमानमा आधारित कृषि सल्लाह,
(२२) कृषि तथा पशुपंक्षी सम्बन्धि अन्य विषयहरु।

## परिच्छेद ९:

## निर्देशक समितिको गठन

(१) कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः

| | |
|---|---|
| क) नगर प्रमुख | अध्यक्ष |
| ख) नगर उपप्रमुख | सदस्य |
| ग) आर्थिक विकास समिति संयोजक | सदस्य |
| घ) कृषि विकास शाखा प्रमुख | सदस्य |
| ङ) पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख | सदस्य |
| च) सहकारी शाखा प्रमुख | सदस्य |
| छ) प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा दुई जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद १० :

## कार्यक्रम व्यवस्थापन समितिको गठन

(१) यस संचालन प्रक्रिया बमोजिमको कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय, परामर्श तथा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | कृषि वा पशुपंछी विकास शाखा प्रमुख (जेष्ठताको आधारमा) | संयोजक |
| (ग) | प्रमुख | कृषि वा पशुपंछी विकास शाखा प्रमुख | सदस्य |
| (ग) | प्राविधिक | किसान कल सेन्टरमा कार्यरत कर्मचारी | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार बढीमा २ जना विज्ञ, विशेषज्ञ, पदाधिकारी तथा पत्रकार आदिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) कार्यक्रम संचालनको लागी आवश्यक समन्वय तथा सहयोग गर्ने,

(ख) विषय विज्ञहरुको रोस्टर तयार गर्न सहयोग पुर्याउने ।

(४) समितिको बैठक कम्तिमा बर्षको ४ पटक त्रैमासिकक रूपमा बस्नेछ । उक्त बैठकले कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गर्न आवश्यक परामर्श तथा सल्लाह सुझाव प्रदान गर्नेछ ।

## परिच्छेद ११ :

## अनुगमन मुल्याङकन

किसान कल सेन्टरको कार्य संचालनको अवस्था, व्यवस्थापन र प्रगति निर्देशक समितीले समय समयमा अनुगमन गरी राय सल्लाह दिन सक्नेछ ।

## परिच्छेद १२ :

## अन्य व्यवस्था

किसान कल सेन्टर सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :

(१) किसान कल सेन्टरबाट प्रदान गरिने सेवाको स्तरको निश्चित मापदण्ड बनाई मूल्याङ्कन गरिनेछ ।

(२) किसान कल सेन्टरको सेवा सञ्चालनमा सहयोग गर्नु सबै कृषिसंग सम्बन्धित निकाय, कर्मचारी, अनुसन्धानकर्ता, अवकाश प्राप्त विज्ञ कर्मचारी, निजी क्षेत्र र सेवाग्राही तथा किसानको कर्तव्य हुनेछ ।

(३) किसान कल सेन्टरमा सदाचार पद्धतिलाई पूर्ण रूपमा संस्थागत गरिनेछ ।

(४) किसान कल सेन्टरमा कार्यरत कर्मचारीहरुलाई प्रवाह गरेको सेवाको आधारमा क्षमता विकासका लागि अवसर उपलब्ध गराइनेछ ।

(५) संभव भएसम्म किसान कल सेन्टरमा हुने कृषक र प्राविधिक बिचको कुराकानी तथा अन्य परामर्श स्थानीय तथा प्रादेशिक रेडियो एफ एमहरुबाट पनि प्रशारण गर्ने व्यवस्था मिलाइनेछ ।

(६) किसान कल सेन्टरमा हुने कृषक र प्राविधिक बीचको कुराकानी तथा अन्य परामर्शको संगालो तयार पारी प्रकाशन तथा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद १३ :

## बाधा अड्काउ फुकाउने

(१) यस संचालन विधि कार्यान्वयको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

(२) यस संचालन विधिलाई आवश्यकता अनुसार नगरपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

शिशिर पौडेल
प्रमुख प्रशासकिय अधिकृत

नारायण मान
नगर प्रमुख